वेलका नगरपालिकाको आ.ब. ०७७/७८ को

# बार्षिक समिक्षा

तथा

तेस्रो चौमासीकको

# सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन




**प्रतिवेदक**

बिकाश बन्जारा

मिलिजुलि ग्रामिण विकास केन्द्र, नेपाल


**प्रतिवेदन बुझाएको कार्यालय**

वेलका नगरपालिकाको कार्यालय

प्रतिवेदन बुझाएको मिति : २०७८।६।१७

# विषयसुची

१. परिचय......1

२. सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य :......1

३. सम्पन्न क्रियाकलापहरु :......1

४. बार्षिक समिक्षामामा समिक्षा गरिएका विषयवस्तु :......3

५. सार्वजनिक सुनुवाईमा उठेका प्रश्न□जिज्ञासा र उत्तर......5

६. सार्वजनिक सुनुवाई कार्यक्रममा सूझावहरु......7

अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गर्नुपर्ने आचारसंहिता......8

अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन......9

अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन......14

अनुसुचि ४: कार्यक्रमकका फोटोहरु......17

# १. परिचय

स्थानीय तहवाट संचालित विकास निर्माणका कार्यक्रमहरु, उपलब्ध सेवाहरु, वस्तु र सुविधाहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ ।

स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनु सार्वजनिक सुनुवाइ कार्यक्रमको उदेश्य हो । सार्वजनिक सुनुवाई कार्यक्रम पारदर्शिता, जवाफदेहिता प्रवर्द्धन गर्ने उपयुक्त माध्याम हो । यसले सेवा प्रवाह गर्ने निकायका नागरिकहरुसंग रहेका असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत समाधान गरी शुसाशन कायम गर्न सहयोग गर्दछ ।

वेलका नगरपालिकाले आ.ब.०७७/७८ को तेस्रो चौमासिकमा विभिन्न प्रकारका विकास निर्माणका कार्यक्रमहरु, सेवाहरु र सुविधाहरु नागरिक समक्ष प्रवाह गरेको छ । यस्ता कार्यक्रमहरु, सेवा तथा सुविधाहरु नागरिक समक्ष प्रवाह गरिसकेपछि नागरिकहरुसँग रहेका विभिन्न असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत जवाफ प्रस्तुत गर्न यस आ.ब.को तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण २०७८ श्रावण १५ गते शुक्रबारको दिन मिलिजुली ग्रामिण विकास केन्द्र, नेपाल द्वारा भएको थियो । सार्वजनिक सुनुवाईको सहजीकरण मिलिजुली ग्रामिण विकास केन्द्रका सहजकर्ता विकाश बन्जाराबाट भएको थियो । त्यस्तै सार्वजनिक सुनुवाईका लागी आवश्यक पर्ने बर्हिगमन अभिमत (Exit poll) र नागरिक प्रतिवेदन पत्र **(CRC)** को सुचना संकलन बिबस तामांग, अस्मिता मगर, सिर्जना श्रेष्ठ र अनिष श्रेष्ठ बाट भएको थियो ।

यो सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गरेको संस्था मिलिजुली ग्रामिण विकास केन्द्र, नेपालको सहजकर्ता बिकाश बन्जाराद्धारा तयार गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन हो ।

# २. सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य :

१. स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गर्ने

२. सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

३. नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी नागरीकहरुका विचमा सेवाप्रदायकबाट सुझावहरु कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने ।

# ३. सम्पन्न क्रियाकलापहरु :

**क) बहिर्गमन अभिमत** (Exit poll )**संकलन** :

सार्वजनिक सुनुवाइको कार्यकम हुने दिन भन्दा अगावै बहिर्गमन अभिमतको फारम प्रयोग गरी सूचना संकलन गरिएको थियो । बहिर्गमन अभिमतको फारमबाट कार्यालयको सेवा वा सुविधा वा वस्तु प्राप्त गरेका नागरिकमध्ये ३६ जना नागरिकवाट बहिर्गमन अभिमतको सूचना ४ जना संकलकद्धारा संकलन गरिएको थियो । बहिर्गमन अभिमतमा भाग लिनुभएका नागरिकलाई सार्वजनिक सुनुवाइमा भाग लिन निमन्त्रणा समेत गरिएको थियो । बर्हिगमन अभिमत (Exit poll ) संकलनमा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ६ जना | १२ जना | ० | १८ जना | १६ जना | २० जना | ३६ जना |

यस बर्हिगमन अभिमत (Exit poll) को प्रतिवेदन अनुसुची ३ मा राखिएको छ ।

**ख) नागरिक अभिमत संकलन :**

सार्वजनिक सुनुवाइको कार्यकम हुने दिन भन्दा अगावै नागरिक प्रतिवेदनको फारम प्रयोग गरी ४ जना सुचना संकलकद्धारा सूचना संकलन गरिएको थियो । सुचना संकलन गर्न नागरिक प्रतिवेदन पत्रको फाराम भरिएको थियो । त्यस्तो फाराम नगरपालिकाको वडा नं. ४, ९ लाई समेट्ने गरी ९८ जना नागरिकवाट संकलन गरिएको थियो । नागरिक अभिमत संकलनमा भाग लिनुभएका नागरिकलाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा समेत गरिएको थियो । नागरिक प्रतिवेदन पत्र **(CRC)** संकलनमा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| २६ जना | ५२ जना | १ जना | १९ जना | ४५ जना | ५३ जना | ९८जना |

यस नागरिक प्रतिवेदन पत्र **(CRC)** को प्रतिवेदन अनुसुची २ मा राखिएको छ ।

**ग) सार्वजनिक सुनुवाई कार्यक्रम :**

सार्वजनिक सुनुवार्य कार्यक्रम देहाय बमोजिम सञ्चालन भएको थियो :

कार्यक्रम सञ्चालन : वेलका नगरपालिका सामाजिक शाखा अधिककृत श्री चेतनाथ गौतम

कार्यक्रमको अध्यक्षता : वेलका नगरपालिका नगरप्रमुख श्री दुर्गा कुमार थापा

अतिथि आसन ग्रहण

राष्ट्रिय गान

स्वागत मन्तव्य : नगरपालिका उपप्रमुख श्री राजकुमारी चौधरीबाट

नगरपालिकाको बार्षिक गतिविधीवारे समिक्षागत जानकारी : प्रमुख प्रशासकिय अधिकृत श्री अर्जुन निरौला

नगरपालिकाका विषयगत शाखा प्रमुखहरुबाट आ–आफ्नो प्रतिवेदन प्रस्तुत

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण : सहजकर्ता बिकाश बन्जारा

- आचार संहिताबारे जानकारी
- बर्हिगमन अभिमत (Exit poll) प्रतिवेदन प्रस्तुत
- नागरिक प्रतिवेदन पत्र **(CRC)** प्रतिवेदन प्रस्तुत
- जिज्ञासा तथा प्रश्न संकलन
- जिज्ञासा तथा प्रश्न माथि स्पष्टताका लागी सहजीकरण

कार्यक्रम समापन :

- कार्यक्रम अध्यक्षबाट कार्यक्रम समापन

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ७ | ४४ | ३ | ७३ | ३१ | ९६ | १२७ |

**घ) सहजीकरण विधि र प्रक्रिया :**

सहजकर्ताले सार्वजनिक सुनुवाई गर्न देहाय बमोजिम विधि र प्रक्रिया अवलम्वन गरेको छ :

१. शिष्ट एवं विनयशील भाषाको प्रयोग गरेको,

२. निष्पक्ष रुपले मध्यस्थता गरेको,

३. महिला जनजाति तथा पिछडिएका वर्गलाई आआफ्नो भनाइ राख्न प्रोत्साहित गरिएको,

४. सहभागीले व्यक्त गरेका विचारमा प्रतिवाद नगरिएको,

५. प्राप्त सुझाव, प्रतिक्रिया तथा टिप्पणीलाई सकारात्मक रुपमा लिएको,

६. व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राखेको,

७. सहभागिको कुरा काटी आफ्नो भनाई नराखेको र

८. विषय वस्तुमा केन्द्रित रही छलफल गरिएको ।

## ४. बार्षिक समिक्षामामा समिक्षा गरिएका विषयवस्तु :

१. प्रमुख प्रशासकिय अधिकृत श्री अर्जुन निरौलाबाट प्रस्तुत :

- नगरपालिकाको संक्षिप्त परिचय
- नगरसभा सदस्यहरुको विवरण
- बिषयगत समितिहरु
- सांगठनिक संरचना २०७५ , २०७८
- पारित विधेयकहरु
    - विनियोजन ऐन २०७७
    - आर्थिक ऐन २०७७
    - वन तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७७
- LISA Indicator (संस्थागत क्षमता तथा स्वमुल्यांकन योजना) :
  न्यायीक कार्यसम्पादन सवैभन्दा राम्रो देखिएको
- वडाहरुको अवस्था विश्लेषण
- प्रमुख धार्मिक तथा पर्यटकिय स्थानहरु
- नगरपालिकामा कार्यक्रम तथा परियोजना सञ्चालन गर्ने संघसंस्थाहरु

२. नगरपालिकाका गतिविधिहरु बारे प्रस्तुती र छलफल :

- आर्थिक गतिविधिबारेमा प्रस्तुति
    - कुल वास्तविक आम्दानी : ६३ करोड ६ लाख ३८३
    - चालु तर्फ कुल खर्च : ३८ करोड ७८ लाख ७६ हजार ९०६ रुपैया
    - पुजिगत तर्फ कुल खर्च : २० करोड ९७ लाख २ हजार ३७५ रुपैया
- पशुपंछी शाखाबारेमा प्रस्तुति

    - ३८७ वटा फार्महरुको स्थापना
- कृषि विकास शाखाको प्रस्तुति
    - संघबाट प्राप्त ससर्त बजेटको खर्च : ९३ प्रतिशत
    - प्रदेशबाट प्राप्त ससर्त बजेटको खर्च  : १०० प्रतिशत
    - वेलका नगरपालिकाबाट विनियोजित बजेटबाट खर्च : ६३ प्रतिशत
- शिक्षा शाखाको प्रस्तुति
    - वेलका नगरपालिकामा सामुदायिक विद्यालय : ५१
    - वेलका नगरपालिकामा संस्थागत विद्यालय : १९
    - जनता मा.वि. जहडामा विशेष विद्यालय सञ्चालनमा रहेको
- स्वास्थ्य तथा सरसफाई शाखाको प्रस्तुति
- उद्यम विकास शाखाको प्रस्तुति
- प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रस्तुति
    - ११०१ जना वेरोजगार सुचिकृत
    - जम्मा बजेटको ६५ प्रतिशत खर्च
- पुर्वाधार विकास शाखाको प्रस्तति
    - २३३ वटा योजना कार्य सम्पन्न
- न्यायीक समिति तर्फको विवरण प्रस्तुति
    - परेको उजुरी : १५३ वटा
    - उजुरी फछ्यौट : ९२ वटा
    - फछ्यौट हुन बाकी योजनाहरु : ५३ वटा
    - विवाद निरुपण भएको : ८३ वटा
    - मेलमिलाप केन्द्र १० वटा सञ्चालनमा रहेका
- राष्टिय परिचय पत्र तथा पञ्जिकरण शाखाको प्रस्तुति
    - ४७६४ जनालाई वितरण गरिएको
- महिला तथा बालबालिका शाखाको प्रस्तुति
    - यसबर्ष ६३ जनालाई अपांग परिचयपत्र वितरण
    - २४ वटाको नविकरण
    - हालसम्म कुल १७३ जनालाई वितरण गरिएको
- भुमि इकाईको प्रस्तुति
    - भुमिहिन दलित : ४५३
    - सुकुम्वासी : १२००
    - अव्यवस्थित वसोवास : १० हजार
- सामाजिक शाखाको प्रस्तुति
    - २१ वटा सामाजिक संस्था दर्ता
    - ४४ वटा सहकारी दर्ता
- महिला सुरक्षा तथा मनोविमर्ष सेवावारेमा प्रस्तुति

# ५. सार्वजनिक सुनुवाईमा उठेका प्रश्न/जिज्ञासा र उत्तर

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | नारद निरौला | नागरिक अभिमत पत्र संकलनको प्रतिवेदनमा प्रविधिक कर्मचारीलाई अतिरिक्त रकम तिर्नुपर्छ भन्ने प्रश्नको उत्तरमा ४ प्रतिशत उत्तरदाताले मागेरै लिन्छन भन्ने उत्तर आएको छ । यसलाई शुन्य प्रतिशत बनाउन के गर्न सकिएला ? | अर्जुन निरौला प्रमुख प्रशासकिय अधिकृत | १ प्रतिशत पनि आउनु खराव पक्ष हो । खोजिनिति धेरै गरेका छौ । यो विषयमा खुल्ला छलफल गरौ । कर्मचारीले त्यसरी मागेर लिएका रहेछन् भने प्रमाणित भएमा उसलाई भोलिपल्टबाट नगरपालिका आउन छुट छैन । प्रमुख प्रशासकिय अधिकृतलाई पनि लखेट्दा हुन्छ । जनप्रतिनिधि भए पनि कानुनी कारवाही प्रक्रीयामा लैजानु पर्दछ । रसिद काटेर दिएको भन्दा फरक रकम कार्यालयको नाम जोडेर कहि कसैले लिन्छ भने त्यो कारकाहीको भागीदार हुन्छ तर कार्यालयमा जानकारी हुनुपर्‍यो । त्यो अपराधको रुपमा दायर हुन्छ । गोप्य रुपमा सुचना दिए पुग्छ । |
| २. | दिपक अभिप्रेमी सुवेदी | यस वेलका नगरपालिकामा जनप्रतिनिधि चयन भएको ४ बर्ष वितिसक्यो तर हालसम्म दमलक खरिद गर्न किन नसकेको होला ? | अर्जुन निरौला प्रमुख प्रशासकिय अधिकृत | ३ जना तैनाथ र ३ जना वैकल्पिक गरी ६ जना प्राविधिक जनशक्ती लगायत २ जना चालकहरुको आवश्यक पर्ने हुँदा यो आर्थिक रुपमा वढी व्ययभार सिर्जना गर्ने महंगो लागत पर्ने हुन्छ । फेरी कहिलेकही मात्र यसको प्रयोग हुने हँदा हाललाई भएको ट्यांकरले काम चलाउने हो कि भन्ने पनि हो । |
| | | वेलका नगरपालिका वडा नं. २ मा शान्ती आ. वि. स्वीकृत भएको छ तर पठन पाठन गर्ने संरचना नभएको कारण हालसम्म सञ्चालनमा आउन सकेको छैन । किन हाला ? | सुनिल निरौला शिक्षा शाखा प्रमुख | नँया विद्यालय सञ्चालन गर्ने निर्णय भई सकेको छ । शान्ति आ.बि. को भवन बन्ने काम भईरहेको छ । कोभिड महामारकि कारणले अलि ढिला मात्र भएको हो । नङा शैक्षिक सत्र सुरु हुँदा कक्षा १ को पठन पाठन शुरु गर्नुपर्दछ । स्थानीय व्यक्तीहरुले पनि पहल गर्नुपर्दछ । |
| | | कवुलियत बन क्षेत्रको लेमन ग्रास लगाएको क्षेत्र निजी जग्गामा परिणत हुने हो की ? नगरपालिकाले त्यसलाई झन सहयोग गरेको हो कि ? | दुर्गा कुमार थापा नगर प्रमुख | वेलका नगरपालिकाले २०७७ पौष २९ गते बराह हर्वल कम्पनी प्रा.लि. लाई जडिवुटि खेति गर्नलाई कवुलियती बनको रुपमा दिएको छ । जडिवुटी खेति गर्न बराहा हर्वल प्रा.लि.ले केहि समयको लागी लिएको हो । त्यो जग्गा कोडिंग, नक्सांकन भईसकेको छ । वेलका नगरपालिकाको जग्गाको वा सार्वजनिक जग्गाको रुपमा नापि प्रक्रीयामा गईसकेको छ । व्यक्तीगत रुपमा त्यस क्षेत्रको जग्गा कसैले पनि नापिको प्रक्रीयामा लगेको छैन । |
| | | सडक बतिहरु विग्रेका छन् कँहा कति विग्रका छन् ? त्यसको समयमै किन मर्मत हुदैन ? | अर्जुन निरौला प्रमुख प्रशासकिय अधिकृत | कुन ठाँउमा सडक वत्ती विग्रेको छ त्यसको जानकारी प्राप्त भएमा तत्काल सडक वत्ति बनाउन प्रक्रीया अगाडी बढाईनेछ । आज जिज्ञासा मार्फत सडक बत्ति विग्रेको थाहा भएको छ । नगरपालिको तर्फबाट खोजी गरेर मर्मत गर्ने काम हुन्छ । |
| | | सामाजिक सुरक्षा भत्ता वितरण वैकबाट गर्दा के जेष्ठ नागरीकले सुलभ सेवा पाएका छन् त ? | अर्जुन निरौला प्रमुख प्रशासकिय अधिकृत | २०७६ साल मंसिरमा नेपाल सरकारले राजपत्र प्रकाशन गरी २०७७ मंसिर महिनाबाट सामाजिक सुरक्षा भत्ता अनिवार्य बैकबाट वितरण गर्नुपर्ने कुरा उल्लेख गरेको छ । बैक एउटा मात्र छ । जेष्ठ नागरीक र अपांग नागरीकले पाउन सम्म दु:ख पाएका छन् । तर बैकबाट वितरण |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | गर्नेपर्ने बाध्यता छ । समस्या भएको छ । नगरपालिकाले गर्नुपर्ने सवै सहयोग गरिरहेको छ, तरपनि बैकले सजिलो तरिकाबाट काम सम्पन्न गर्न सकेको छैन । बैकलाई पनि कागजात पुरा गर्न समय लाग्ने, अरुवेला नपर्ने र एकैपटक धेरै नागरिकलाई सेवा प्रवाह गर्न पर्ने भएकोले बैकलाई पनि समस्या छ । |
| ३. | दमन कट्वाल | स्वास्थ्य शाखाको संक्षिप्त प्रतिवेदनमा हाल सम्म कति कोभिडका संक्रमित छन्, कति निको भए विवरण प्राप्त नभएको जस्तो लागेको छ । | स्वास्थ्य शाखा प्रमुख | दोस्रो चरणको कोरोना महामारीबाट हालको (सार्वजनिक सुनुवाई भएको दिन सम्मको) संक्रमितहरु महिला २७४ जना २६५ जना जम्मा गरी ५३९ जना हुनुहुन्छ । त्यस मध्ये होम आइसोलेसनमा १३७ जना हुनुहुन्छ । १३ जनालाई विभिन्न अस्पतालहरुमा रेफर गरीएको छ । बाकी निको भएका छन् । |
| | | बेलका नगरपालिकामा आगुऔषध प्रयोग कर्ताहरुको संख्या वृद्धि हुदै गईरहेको छ तर नगरपालिकाले सचेतना कार्यक्रम गर्न सकेको छैन किन ? बजेट विनियोजन गरेको छैन किन ? | दुर्गा कुमार थापा नगर प्रमुख | लागु औषध नियन्त्रणमा वेलका नगरपालिकाले प्रत्येक बर्ष बजेट विनियोजन गरेको छ । युथ भिजन भन्ने संस्थाले लागु पदार्थमा लागेका युवाहरुलाई छुट्टै राखेर लागु औषध विरुद्धमा अभिमुखिकरण गरेको छ । विद्यालय स्तरमा पनि कार्यक्रमहरु गरेको छ । |
| | | विद्यालयहरुमा बाल शिक्षा पढाउने सहयोगी कार्यकर्ता (स.का.)हरुको तलव नेपाल सरकारले तोके बमोजिम पाउछन् कि पाउदैनन् ? | सुनिल निरौला शिक्षा शाखा प्रमुख | यस नगरपालिकामा ५२ जना सहयोगी कार्यकर्ता (स.का.) हरु हुनुहुन्छ । सरकारले बजेटमा घोषणा त गऱ्यो तर कार्यान्वयन निर्देशिका तथा बजेट पठाएको छैन । त्यसकारण उनिहरुको लतव खुवाउने कुरा कार्यान्वयनमा समस्या भएको छ । कार्यान्वयन निर्देशिका आएपछि सोही बमोजिम हुन्छ । बार्षिक रुपमा १ करोड ३ लाख बजेट वेलकामा आवश्यक पर्छ । बजेटको विषयमा छलफल भईरहेको छ । नेपाल सरकारले तोके बमोजिम नभएपनि केहि न केहि बढाउने कुरा भईरहेको छ । स.का. हरुसँग बैठक बसेर थप छलफल पनि गरिनेछ । |
| | | यस बर्ष नदिजन्य उत्खनन् कार्य ( ढुंगा गिटी वालुवाको ठेक्का यसबर्ष लाग्छकी लाग्दैन ? | अर्जुन निरौला प्रमुख प्रशासकिय अधिकृत | सुचना प्रकाशित भईसकेको छ । वेवसाइटमा पनि राखेको छ । स्थानीय प्रत्रिकामा पनि छापिएको छ । सुचना प्रकासित भए बमोजिम प्रक्रिया अगाडी बढ्छ । |
| | | वडा नं. ३ र ४को सिमानामा पर्ने नेपाल सरकारको नाममा रहेको सार्वजनिक आप बगैचामा आप फल्न छाडेको छ निजि धान फल्न थालेको छ । अतिक्रमण बढेको छ । किन होला ? यसको रोकथामको लागी स्थानीय सरकारले पहल गरेको छैन । | दुर्गा कुमार थापा नगर प्रमुख | यो पुरानो विषय हो । २०५५–५६ साल तिर धेरै बन फडानी भयो । तत्कालिन ठोक्सीला गाविसले रातारात तारघेरा गरी सार्वजनिक जग्गा जोगाउन सफल भएको थियो । साविकको ठोक्सीला गाविस र त्यहाको सावउस विच त्यस जग्गामा आप बगैचा लगाउने र आपको उत्पादन समुहले लिने २५ बर्ष पछि त्यो जग्गा सार्वजनिक जग्गा हुने सहमति भएको थियो । गर्वलाल राई अध्यक्ष रहेको समुहको जिम्मेवारीमा त्यो जग्गा छाडेको हो । अहिले समुहले त्यो जग्गा भाग लगाएर प्लटिंग गरेर बाड्ने काम गरेको छ । नगरपीलकाले वन |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | कार्यालयलाई पत्रचार गरीसकेको छ। बनको कर्मचारीहरुले निरिक्षण गरेर गएका छन् । त्यस जग्गालाई सार्वजनिक बनाउन अव थप प्रक्रिया अगाडी बढाउन नगरपालिकाले खवरदारी गर्दछौ । |
| ४. | टंक अधिकारी वडा नं. ४ वडा सदस्य | हाम्रो नगरपालिकामा चर्पी भरिएको वेला फोहोर निकाल्ने मेसिन र गाडी छैन शहरीकरण बढेको छ चर्पिको लेदो निकाल्ने मेसिन र गाडी नगरपालिकामा ल्याउन अनुरोध गर्दछु । | अर्जुन निरौला प्रमुख प्रशासकिय अधिकृत | सक्सन मेसीन खरिद गर्नको लागी वेलका नगरपालिकाले सुचना प्रकासन गरेको थियो । सुचना प्रकाशन गरे अनुसार एउटा मात्र ठेक्का प्राप्त भयो । उक्त टेन्डर पनि प्रक्रिया नपुगी परेको हुँदा हामिले प्रक्रीया अगाडी बढाउन सकेनौ । अब फेरी सुचना प्रकाशन गरेर प्रक्रिया अगाडी बढ्छ । |
| ५. | गोविन्द खड्का वेलका नपा वडा नं. ५ वडाध्यक्ष | विपन्न घर र फुसको छाना हुने घरवालालले जस्तापाता लगाउनको लागी मंसिर पौषमा फारम भरे जेष्ठ महिनामा १४००० पहिलो किस्ता आएको पनि छ । बाकि रकम असार भित्र आउने भनी हामिले पसल सँग जमानी बसेर जस्तापाता निकालेर दिएका छौ । असार मसान्तमा प्राप्त भएन कहिले प्राप्त हुन्छ होला ? | दुर्गा कुमार थापा नगर प्रमुख | नेपाल सरकारले फुसको छाना हटाएर टिनको छाना लाउने निति गतबर्षको बजेटमा ल्याएको निति हो । निति अनुसार निर्देशिका बनाएको छ । त्यो निर्देशिका बमोजिम जस्तापाता वितरण समितिको संयोजक निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसद हुन्छ । सांसद डा. नारायण खड्काले वैठक ढिला वोलाउनु भयो । वैठक सकिएको केहि दिनमै संसद विघटन भयमे र पछि जिल्ला समन्वय समिति प्रमुखलाई जिम्मेवारी दिइयो । जिम्मेवारी प्राप्त भएपछि काम अगाडी बढेको छ अव काम हुन्छ । |

## ६. सार्वजनिक सुनुवाई कार्यक्रममा सूझावहरु

१. सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक (सेवाग्राही) को सहभागीता अत्यन्त कमजोर भएकोले सहभागिता अभिवृद्धि गर्नुपर्दछ ।

२. नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा कमजोर प्रतिशतहरुलाई नगरपालिकाले सुधार गर्नुपर्दछ ।

३. बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा सुधार गर्नुपर्ने पक्षहरु महलमा भएका सवालहरु नगरपीलकाले सुधार गर्नुपर्दछ ।

४. सार्वजनिक सुनुवाई कार्यक्रममा जाहेर भएका प्रतिवद्धताहरु कार्यान्वयन गर्नुपर्दछ ।

५. सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेहिता अभिवृद्धि गर्न सबै विषयगत शाखाहरुको उपश्थिति अनिवार्य गर्नुपर्दछ ।

६. सार्वजनिक सुनुवाई कार्यक्रम तोकिएको समयमा सुरु गर्नुपर्दछ ।

७. नगरसभाबाट सार्वजनिक सुनुवाई कार्यविधि, सार्वजनिक परिक्षण कार्यविधि र सामाजिक परिक्षण कार्यविधि पास गरेर सोहि बमोजिम कार्यक्रमको आयोजना गर्नुपर्दछ ।

## अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गनुपर्ने आचारसंहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ । बढिमा ३ मिनेट भित्र प्रश्न वा जिज्ञासा राखिसक्नु पर्नेछ ।

३.सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिकिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

४.आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

५.चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

६.सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

७.सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

८.सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

९.सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन


अनुसुचि ३


वेलका नगरपालिकाको आ.ब. ०७७/७८ को अन्तिम चौमासिकको सार्वजनिक सुनुवाईकालागी


## नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन


विश्लेषण र प्रस्तुती,


मिलिजुली ग्रामिण विकास केन्द्र, नेपाल








## सेवाप्रतिको जनविश्वास

**३. नगरपालिका कार्यालयले दिने सवैखाले सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**





## सेवाको गुणस्तर

**४. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**





**५. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**





## नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धि


**६. कार्यालयमा नागरिक बडापत्रको व्यवस्था छ ?**




**७. तपाईको विचारमा यस कार्यालयमा उजुरी पेटिकाको उपयोग भएको छ ?**





**८. कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था छ ?**




## सिफरिस सम्वन्धि

**९. कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्छ ?**





## पूर्वाधार तथा सरसफाई सम्वन्धी


**१०. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**





**११. तपाईको नपामा विकास निर्माणको स्थिति कस्तो छ ?**





**१२. यस नपामा सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**





**१३. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरु वा अरु कसैलाई कमिसन रकम पनि दिनुपर्छ ?**





**१४. योजना सञ्चालन गर्दा जनप्रतिनिधीवाट कत्तिको सहयोग पाउनु भएको छ ?**



**१५. उपभोक्ता समिती गठन प्रक्रिया बारेमा तपाईलाई थाहा छ ?**





**१६. नगरपालिकाले गर्ने अनुगमन मुल्यांकन कत्तिको प्रभावकारी छन् ?**





## विविध पक्षहरुमा अनुभव


**१७. कार्यालयहरुमा काम गर्न जाँदा जनप्रतिनिधीहरु र कर्मचारीहरु कार्यालयमै भेटिन्छन् ?**




**१८. नगरपालिका कार्यालयमा भएका कर्मचारीहरुमा सिप कस्तो छ ?**





**१९. जनप्रतिनिधी सहितको बर्तमान कार्यसञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**





## पारदर्शिता सम्वन्धी

**२०. यस न.पा.को वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**



### २१. वेलका न.पा.को आम्दानी र खर्च सुचना पाटिमा टासेको देख्नुभएको छ ?




### २२. वेलका नगरपालिका प्रति उत्तरदाता सँग संकलन गरीएका सल्लाह सुझावहरु :

१) नगरपालिकाले स्थानीय बजारका शाखा बाटोहरु पिच गर्ने काम गर्नुपर्दछ ।
२) बाटोमा बत्तिहरु बिग्रीएका छन् मर्मत गर्नुपर्दछ ।
३) बजारका नालि र ढलहरुको अवस्था अलपत्र छ सुधार गर्नुपर्दछ ।
४) स्थानीय बजारमा सामग्रीहरुको मुल्य मनपरी छ अनुगमन गरी एकरुपता कायम गर्नुपर्दछ ।
५) विजुली बत्ति काटिदा पुर्व सुचना भएर मात्र काट्ने व्यवस्था मिलाउनु पर्दछ ।
६) साना खोाल्सी नियन्त्रण गरी बर्षाको समयमा डुवानहुने घरहरुको संरक्षण गर्नुपर्दछ ।
७) नगरपालिकाले बिकासका योजनाहरु बनाउदा र कार्यान्वयन गर्दा व्यक्ती हरेर गर्नुहुदैन ।
८) वेलका नगरपालिकाको बजार क्षेत्रमा म्याजिक, टेम्पो र बसको पार्किंग गर्ने र यात्रु ओराल्ने तथा चढाउने ठाँउको तत्काल व्यवस्थापन गर्नुपर्दछ ।
९) योजनाहरु सञ्चालन गर्ने क्रममा समिति निर्माण गर्दा निर्माण गर्न सहजीकरण गर्ने व्यक्तीले पार्टीका वा आफन्त मात्र राख्ने गरेको छ । यस्तो परिपाटी सुधार गरी उपभोक्ताहरु मध्येबाट मात्र सक्षम व्यक्ती छान्दा योजना अलपत्र पर्दैनन् । योजनामा काम पनि रामो सँग हुन्छ ।
१०. प्रमुख प्रशासकिय अधिकृत सर नहुदा धेरै कामहरु रोकिने भएकोले उँहाले बाहिरका काममा अरुलाई पठाएर आफु सधै अफिसमा बसीदिँदा सेवाग्राहीका काम छिटो हुने थियो । प्रमुख प्रशासकिय अधिकृत सर नहुदा आउने सेवाग्रहीले पर्खनु पर्ने बाध्यता भएको ।
११. बजारमा क्षेत्रको फोहोर व्यवस्थापन समयमै गर्नुपर्दछ ।
१२. नगरपालीका क्षेत्रमा खानेपानीको अभाव भएका ठाँउमा खानेपानीको आपुर्तीको व्यवस्था मिलाउनु पदृछ ।
१३. स्थानीय बजार राम्रो बनाउने योजना निर्माण गर्नुपर्दछ ।
१४. सेवाग्रही पृष्ठपोषण कक्षमा प्राप्त पृष्ठपोषण कार्यान्वयन भएको वारेमा पृष्ठपोषण गर्ने व्यक्तीलाई पृष्ठपोषण कक्षमा बस्ने व्यक्तीले जानकारी दिने गर्नुपर्दछ ।
१५. नगरमा राखेका समस्या सुनेपछि लिखित गरेर कार्यान्वयन गर्नुपर्दछ ।
१६. योजनाको फरफराक गर्नु अगाडी टोल टोलमा आर्थिक विवरण सार्वजनिक गर्ने चलन थियो हाल उक्त चलन नभएकोले उक्त काम सुरु गर्नुपर्दछ ।
१७. अशक्त भएका जेष्ठ नागरीकहरुले सुरक्षा पुगेको नपुगेको तथा भत्ता आफैमा सदुपयोग भए नभएको कुरा सुन्ने टिम बनाएर भेटेर कुरा सुन्ने गर्नुपर्दछ ।
१८. हरेक टोल विकास संस्थामा १ वटा सुचना पाटी राखेर नगरका महत्वपुर्ण सुचना टास्ने गर्नुपर्दछ ।
१९. जंगलका सडेर जाने काठ स्थानीय प्रयोगको लागी वितरण प्रणली सहज बनाउनु पर्दछ ।

### २२. नागरिक अभिमत पत्र संकलन गर्दा पठाईएका जिज्ञासाहरु :

१) कोपिला त्वागुन , वेलका –९ बाट,
– घर खोला छेउमा भएकोले जोखिममा परेर खोला नियन्त्रणको लागी जाली माग्न जाँदा प्राप्त नभएकोले घर खोलाले बगाउने अवस्था छ , कँहा कसरी माग गर्दा पाईएला ? (CRC ६७ मा )

# धन्यवाद

# अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन

अनुसुचि २


वेलका नगरपालिकाको आ.ब. ०७७/७८ को अन्तिम चौमासिकको सार्वजनिक सुनुवाईकालागी

# Exit Poll Report

विश्लेषण र प्रस्तुती,


मिलिजुली ग्रामिण विकास केन्द्र, नेपाल

## उत्तरदाताहरुको विवरण





जम्मा ३६ जना

## उत्तरदाताहरुको जातिगत विवरण




जम्मा ३६ जना


### नगरपालिकाको कार्यालयमा कुन कामको लागि आउनु भएको हो ?





***अन्य अन्तर्गत***


राष्ट्रिय परिचय पत्र बनाउन


### सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?






### सेवाप्रदायक कर्मचारी र जनप्रतिनिधीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?






**नागरिकहरुका अनुसार यस वेलका नपा कार्यालयका राम्रा पक्षहरु :**

- कर्मचारीले नम्र व्यवहार
- कार्यालय व्यवस्थापन राम्रो।

**नागरिकहरुका अनुसार वेलका नपा र वडाहरुमा सुधार गर्नुपर्ने पक्षहरु:**

- केहि कर्मचारी व्यस्त हुँदा सेवाग्रहीलाई जवाफ दिन समेत समय नभएककोले काम विशेषमा कर्मचारी थपेर सेवा प्रवाह गर्दा राम्रो।
- कोरोना माहामारीको बेला राष्टिय परिचयपत्र बनाउदा सामाजिक दुरी लगायत कर्मचारीले स्वास्थ्य मापदण्ड अपनाएर सेवा प्रदान गर्नुपर्दछ।
- ४ नं. वडा कार्यालय छेउछाउमा फोटोकपीको व्यवस्था हुनुपर्दछ।
- ४ नं. वडा कार्यालयमा सेवा लिने सेवाग्रहिलाई खानेपानीको व्यवस्था नभएको।
- वडा कार्यालयहरुमा पनि सेवाग्रहि सोधपुछ कक्ष राख्नुपर्दछ।

सेवा प्रवाहलाई अझ राम्रो बनाउन जनप्रतिनिधी र कर्मचारीले गर्नुपर्ने कुराहरु

| जनप्रतिनिधी | कर्मचारी |
|---|---|
| जनताको समस्या सुनेर समाधान पनि गरिदिनु पर्दछ। जनप्रतिनिधिको सुन्ने मात्र चलन हुन्छ। | समयको सदुपयोग गरी कार्यालया उपश्थित हुनुपर्दछ। |
| कार्यालयको काम अलि छोटो र छरीतो तरिकाले सम्पन हुने व्यवस्था मिलाउनु पर्दछ। | सुचना प्रवाह गर्ने उपयुक्त विधि बनाउनु पर्दछ। |
| सवै टोल विकास संस्थाबाट योजना संकलन गरी योजना छनौट गर्ने गनुपर्दछ । जनप्रतिनिधिले आफुखुसी योजना हाल्ने गरेका छन्। | |
| जितेका जनप्रतिनिधिले हामी पाटिको मात्र होइन समाजको प्रतिनिधी हो भन्ने सोचेर काम गर्नुपर्दछ। | |

जनप्रतिनिधी बहाल भएपछि नागरिकहरुले महसुस गरेको सेवा प्रवाहमा सुधार :

- सेवा प्रवाहमा पहिला भन्दा सुधार भएको छ ।
- सेवाको गुणस्तर अभिवृद्धि भएको महसुस भएको छ।
- जवाफदेहिता बढेको छ।

# धन्यवाद

# अनुसुचि ४: कार्यक्रमकका फोटोहरु



सार्वजनिक सुनुवाई कार्यक्रममा राष्टिय गानमा सहभागी हुँदै सहभागीहरु



कार्यक्रममा नगरपालिकाको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्दै प्रमुख प्रशासकिय अधिकृत श्री अर्जुन निरौला



सार्वजनिक सुनुवाई कार्यक्रममा उपश्थित सहभागीहरु



कार्यक्रममा सेवा प्रदायक समक्ष सवाल राख्दै सहभागीहरु



कार्यक्रममा सवालमाथि स्पष्ट पार्दै नगर प्रमुख दुर्गा कुमार थापा

**धन्यवाद**